# तरलता अभावका बीचमा पनि सिद्धार्थ बैंकको सन्तोषजनक प्रगति

१७औं वाणिज्य बैंकको रुपमा २०५९ सालमा स्थापित सिद्धार्थ बैंक आज देशको एक अग्रणी वित्तीय संस्थाको रुपमा स्थापित हुन सफल भएको छ। रु. १२ अर्ब ५२ करोडको चुक्ता पुँजी र रु. २१ अर्ब ९१ करोडको कुल इक्विटी रहेको यस बैंकले आ.व. २०७८/७९ मा रु. ३ अर्ब भन्दा बढी खुद मुनाफा आर्जन गरी आफ्ना शेयरधनीहरुलाई रु. २५.७१ प्रति शेयर आम्दानी दिन पनि सफल भएको छ।

यस बैंकले देशको अर्थतन्त्रको सबलीकरण तथा आर्थिक वृद्धिमा निरन्तर टेवा पुऱ्याउँदै आएको छ। बैंकले आ.व. २०७८/७९ मा मात्र प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल २ अर्ब ९० करोड भन्दा बढी नेपाल सरकारको राजस्वमा योगदान पुऱ्याएको छ।

बैंकले अवलम्बन गरेको ग्राहकमैत्री अवधारणाको कारण, सिद्धार्थ बैंक आज ग्राहकहरुको प्रमुख रोजाइको बैंक बन्न सफल भएको छ। ग्राहकहरुको बैंकप्रतिको बढ्दो विश्वास र निरन्तर सहयोग र सद्भावकै कारण वित्तीय प्रणालीमा देखापरेको असहज परिस्थितिका बावजुद बैंकले आ.व. २०७८/७९ सम्ममा रु. १ खर्ब ९६ अर्ब निक्षेप संकलन गरी रु. १ खर्ब ८६ अर्बको कर्जा प्रवाह गर्न सफल रह्यो। त्यस्तै आ.व. २०७८/७९ मा २ लाख ५० हजार भन्दा बढी नयाँ ग्राहकहरू बैंकिङ्ग सेवामा आबद्ध गरी कुल १४ लाख भन्दा बढी ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ। यसै गरी बैंकले आफ्नो ग्राहकहरु मध्ये ६ लाख ५० हजार भन्दा बढी ग्राहकहरुलाई मोबाईल बैंकिङ्ग सेवा, ५ लाख ४५ हजार भन्दा बढी ग्राहकहरुलाई डेबिट कार्ड सेवा र ३० हजार भन्दा बढी ग्राहकहरुलाई क्रेडिट कार्ड सेवा प्रदान गर्दै आएको छ।

आफ्नो लगानीलाई उत्पादनमुलक क्षेत्रतर्फ केन्द्रित गर्दै अर्थतन्त्रकै महत्वपूर्ण आधार मानिएका कृषि, पर्यटन, उर्जा तथा औद्योगिक उत्पादनका क्षेत्रमा बैंकले उल्लेख्य कर्जा लगानी गरेको छ। त्यसैगरी देशको आर्थिक विकासको लागि उद्यमशीलता अभिवृद्धि गर्नुपर्नेमा बैंकको सदैव जोड रहिआएकोले मूलभूतरुपमा लघु, साना तथा मझौला स्तरका उद्यम व्यवसायलाई लक्षित गरी कर्जा लगानी गर्ने नीति अवलम्बन गरी सोही अनुसार बैंकले कर्जा प्रवाह गरिरहेको छ।

एउटा सबल र सफल बैंक हुनका लागि प्रविधिमैत्री सेवाको विस्तार र सबलीकरण नगरी सम्भव छैन भन्ने कुरालाई हृदयङ्गम गरी आफ्ना सेवा सञ्चालनमा डिजिटल माध्यमलाई बैंकले अधिकतम महत्व

दिंदै आएको छ। यस बैंकले विभिन्न डिजिटल बैंकिङ्ग सेवाहरु जस्तै अनलाईनबाटै बचत, मुद्दती र डिम्याट खाता खोल्न सकिने, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता सुविधाहरु आफ्नो वेबसाइटमा रहेको Easy Bank Portal मार्फत प्रदान गर्दै आएको छ। यसका साथसाथै बैंकिङ्ग सेवालाई सुलभ तरिकाले ग्राहकहरुमाझ पुऱ्याउनलाई मोबाईल तथा इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ।

ग्राहकहरुको सन्तुष्टिलाई केन्द्रमा राखि व्यवसाय सञ्चालन गरिरहेको यस बैंकले ग्राहकहरुको समस्याको छिटो छरितो ढङ्गले समाधान गर्नका लागि ग्राहक सेवा केन्द्र, Siddhartha Care पनि सञ्चालन गर्दै आएको छ। ग्राहक सेवा केन्द्रमा ग्राहकहरुले फोन, इमेल, हेल्पडेक्स, भाइबर जस्ता डिजिटल माध्यमबाट सम्पर्क गरी आफ्ना समस्या / जिज्ञासा राख्नुका साथसाथै सल्लाह, सुझाव एवं गुनासाहरु पनि व्यक्त गर्न सक्नुहुनेछ।

यस बैंकले International Finance Corporation (IFC) द्वारा आयोजित १०औं ग्लोबल ट्रेड अवार्डमा 'Best Operations Bank in South Asia 2021' उपाधि प्राप्त गर्न सफल भएको छ। त्यसैगरी, बैंकलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा आर्थिक वर्ष २०२०/२१ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि 'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२१' समेत प्रदान गरिएको छ।

सिद्धार्थ बैंक आफ्नो वित्तीय सबलीकरणका साथसाथै संस्थागत सामाजिक उत्तरदायित्वलाई सदैव प्राथमिकता दिंदै आएको छ। बैंकले प्रत्येक वर्ष खुद मुनाफाबाट संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहका लागि छुट्याइने १% रकम स्वास्थ्य, शिक्षा, वातावरण तथा अन्य विभिन्न क्षेत्रहरुको दिगो विकासका लागि प्रयोग गर्दै आइरहेको छ।

सबैक्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले हाल देशभर १९० वटा शाखा (४ एक्स्टेन्सन् काउन्टर सहित), ११७ शाखारहित बैंकिङ्ग सेवा, १,७०० भन्दा बढी पिओएस् मेसिन र २०,००० भन्दा बढी QR मर्चेन्ट मार्फत उच्चस्तरीय एवं प्रविधिमैत्री बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।